सूचना नं.    -२०८२ /०८३

## आवेदन / प्रस्ताव आव्हान सम्वन्धि सूचना

**प्रथम पटक प्रकाशित: २०८३।०२।२०**

उपरोक्त सम्वन्धमा यस कार्यालयको आ.व. २०८२।०८३ को स्विकृत वार्षिक कार्यक्रमहरु मध्ये **जडिवुटी विकास कार्यक्रम(संघ सशर्त अनुदान)संघ तर्फको** अन्तर्गत पुँजीगत खर्चको कार्यक्रम **"प्राकृतिक जडिवुटि संरक्षण तथा खेती विस्तार (सबै जिल्ला तथा छनौट भएका पालिकाहरु — निजी जग्गामा समेत) कार्यक्रम"** संचालन गर्नु पर्ने भएकोले यस जिल्लाको *गन्यापधुरा, आलिताल, अमरगढी स.डि.व.का.* क्षेत्रमा जडीवुटी संरक्षण तथा खेति विस्तार गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था, सहकारी, सामुदायिक तथा कवुलियति वन उपभोक्ता समूहले एउटा क्षेत्रमा एउटै प्रजातिको जडीवुटी धेरै मात्रामा उत्पादन गरी जडीवुटी विकास तथा व्यवसायिक खेती विस्तार गर्ने उद्देश्य लिई प्रचलित ऐन नियम, मार्गदर्शन, प्रदेशहरुवाट सञ्चालन गरिने संघिय सशर्त अनुदानका कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ समेतको अधिनमा रही यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र तपसिलमा उल्लेखित कागजात सहित आवेदन /प्रस्ताव पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि सुचना प्रकाशित गरिएको छ । साथै उल्लेखित कार्यक्रमको लागी स्विकृत कुल बजेट रु. ८,००,००० /— (अक्षरुपी रु. आठ लाख मात्र) रहेको छ ।

कार्यक्रम

क. निजि क्षेत्रमा जडीवुटी संरक्षण तथा खेति विस्तार- रु ४०००००/ (अक्षरुपी रु. चार लाख मात्र)

ख. सामुदायिक वन/कवुलियती वन/धार्मिक वन क्षेत्रमा जडीवुटी संरक्षण तथा खेति विस्तार- रु ४०००००/(अक्षरुपी रु. चार लाख मात्र)

ग. जडिवुटि खेति गरिने प्रजातीहरुः टिमुर, सतुवा, सिल्टिमुर, ओखर ।

तपसिल

### क) पेश गर्नु पर्ने कागजातहरु

- पकेट क्षेत्रमा जडीवुटी संरक्षण तथा खेति विस्तारका लागि व्यवसायिक योजना सहितको उपरोक्त विषयहरु उल्लेख भएको प्रस्ताव।
- ईच्छुक व्यक्ति, फर्म, संस्था, सहकारीले कार्यक्रम संचालन गर्न चाहिने आवश्यक जग्गा जमिनको लालपुर्जाको छायाकपी वा जग्गा, तिरो तिरेको रसिद, नागरिक्ता, प्यान, लगायतको कागजातहरु (फर्म, संस्था, सहकारीको हकमा फर्म दर्ता तथा कर चुक्ता प्रमाण पत्र)
- सम्बन्धीत स्थानीय तह वा वडा कार्यालयको प्रस्ताव कार्यान्वयन गर्न सम्बन्धी सिफारीस पत्र ।
- सम्बन्धीत सव डिभिजन वन कार्यालयको सिफारीस पत्र ।
- सामुदायिक तथा कवुलियति वन उपभोक्ताको हकमा कर चुक्ताको प्रमाण पत्र, प्यान नं, गत आ.व. को लेखा परिक्षण प्रतिवेदन तथा साधरण सभाको निर्णय, कार्यक्रम सञ्चालन गर्न उपभोक्ता समितिको निर्णय ।
- अन्य आवश्यकता अनुसारको कागजातहरु ।
- लिजमा जग्गा लिएमा कार्यक्रम गर्ने प्रस्ताव स्विकार्य हुने छैन ।

### ख) प्रस्ताव मुल्याङ्कनका आधारहरु

प्राप्त प्रस्तावहरु डिभिजन वन कार्यालयको प्राविधिक समितिले नियमानुसार छनोटका आधारहरु बनाई मुल्यांकन गरी प्राविधिक र आर्थिक दृष्टिकोणले उपयुक्त भएको प्रस्तावहरु छनौट गरी कार्यान्वयन गर्ने छ ।

- *अाग्रिम खेती गरिरहेका निजी जग्गाधनी/सामुदायिक वन/ कवुलियति वन/धार्मिक वनलाई विशेष प्रथामिकता दिइनेछ ।*

### ग) प्रस्तावमा समावेश गर्नुपर्ने विषयवस्तुहरु

संचालन गर्न चाहेको जडीवुटी खेती विस्तार सम्वन्धी कियाकलाप, उद्देश्य, स्थान, खेति विस्तार / विरुवा रोपण गरिने क्षेत्र /जग्गाको अवस्थिति र क्षेत्रफल, रोपण गरिने विरुवा संख्या, विरुवा संरक्षणका उपायहरु, कार्यक्रम संचालन प्रकिया, कार्य सम्पन्न गर्न सकिने समय सिमा, साझेदार भए सो को विवरण, साझेदारीको लगानी / निजी उधमी वा सामुदायिक वन /कवुलियति वन को लगानी, प्राविधिकबाट तयार गरिएको कियाकलापको लागत अनुमान, कार्यक्रम संचालनबाट हुन सक्ने अपेक्षित प्रतिफल कार्यक्रमको दिगोपन, रोजगारी सिर्जना आदि विषयहरु समावेश गरी समय तालिका लगायतका अन्य आवश्यक विषयहरु, संरक्षणको उचित प्रवन्ध, भईसकेको प्रस्तावकलाई दिइनेछ ।

**घ) प्रस्ताव दर्ता गर्ने कार्यालयः डिभिजन वन कार्यालय डडेल्धुरा**

**ङ) प्रस्ताव दर्ता गर्ने अन्तिम मितिः २०८३।०२।२६**

**च.) कार्य सम्पन्न गर्नु पर्ने अन्तिम मिति सम्झौता बमोजिम हुनेछ ।**

*थप जानकारीका लागी कार्यालय समयमा डिभिजन वन कार्यालय डडेल्धुरा (फो.नं. ९८४८७७४८१४) मा सम्पर्क गर्न सकिने छ ।*

***Website: - https://dfodadeldhura.gov.np/***

भीम प्रसाद कँडेल
डिभिजनल वन अधिकृत

CamScanner

# प्रस्तावनाको नमूना ढाँचा

## " प्राकृतिक जडीबुटी संरक्षण तथा खेती विस्तार" कार्यक्रम

डिभिजन वन कार्यालय, डडेल्धुरामा पेश गर्ने प्रयोजनका लागि

प्रस्तावक: व्यक्ति / फर्म / संस्था / सहकारी / सामुदायिक वन / कबुलियती वन उपभोक्ता समूह

## १. निवेदन

श्रीमान् डिभिजनल वन अधिकृतज्यू,
डिभिजन वन कार्यालय, डडेल्धुरा।

**विषय: प्राकृतिक जडीबुटी संरक्षण तथा खेती विस्तार कार्यक्रम सञ्चालनका लागि प्रस्ताव पेश गरिएको सम्बन्धमा।**

म/हामीले प्रकाशित सूचनामा उल्लेखित शर्त, मापदण्ड तथा आवश्यक कागजातहरुको अध्ययन गरी यस प्रस्तावमा उल्लेख भएको स्थानमा जडीबुटी संरक्षण तथा व्यवसायिक खेती विस्तार कार्यक्रम सञ्चालन गर्न इच्छुक भएकाले आवश्यक कागजातसहित यो प्रस्ताव पेश गरेको छु/गरेका छौं। कार्यक्रम स्वीकृत भएमा प्रचलित ऐन, नियम, कार्यविधि, सम्झौता र कार्यालयको निर्देशन बमोजिम कार्य सम्पन्न गर्ने प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं।

| विवरण | भर्नुपर्ने जानकारी |
|---|---|
| प्रस्तावकको नाम | |
| ठेगाना | जिल्ला: ......... स्थानीय तह: ......... वडा नं.: ......... टोल: ......... |
| सम्पर्क नं. / इमेल | |
| नागरिकता नं. / दर्ता नं. | |
| प्यान नं. | |
| बैंक तथा खाता नं. | |
| प्रस्ताव पेश मिति | २०८३/.... /.... |

## २. प्रस्तावकको संक्षिप्त परिचय

| क्र.सं. | विषय | विवरण |
|---|---|---|
| १ | प्रस्तावकको प्रकार | व्यक्ति / फर्म / संस्था / सहकारी / सामुदायिक वन / कबुलियती वन |
| २ | मुख्य पेशा / व्यवसाय | |
| ३ | जडीबुटी सम्बन्धी अनुभव | वर्ष: ......... अनुभवको प्रकृति: .......................................... |
| ४ | उपलब्ध जनशक्ति | परिवार/सदस्य संख्या: ......... दक्ष/अदक्ष श्रमिक: ......... |
| ५ | हालसम्मको खेती/वन व्यवस्थापन अभ्यास | |

## ३. कार्यक्रम/परियोजनाको संक्षिप्त विवरण

| विवरण | जानकारी |
|---|---|
| परियोजनाको नाम | प्राकृतिक जडीबुटी संरक्षण तथा खेती विस्तार कार्यक्रम |
| खेती/विस्तार गर्न चाहेको जडीबुटी प्रजाति | जस्तै: टिमुर / तेजपात / सतुवा / ओखर / अन्य: ......... |
| कार्यक्रम सञ्चालन स्थान | जिल्ला: डडेल्धुरा, स्थानीय तह: ........., वडा नं.: ........., स्थान/टोल: ......... |
| कुल क्षेत्रफल | ......... रोपनी / हेक्टर |
| रोपण/विस्तार गरिने बिरुवा संख्या | ......... वटा |
| जग्गाको अवस्था | निजी / लिज / सामुदायिक वन / कबुलियती वन / अन्य |
| कार्यक्रम अवधि | सम्झौता मितिदेखि ......... सम्म |

नोट: यो नमूना ढाँचा हो। आवश्यक विवरण, प्रमाण र लागत अनुमान संलग्न गरी पेश गर्नुहोस्।

CamScanner

| | |
|---|---|
| माग गरिएको अनुदान रकम | रु. ...................... |
| प्रस्तावक/साझेदारको लगानी | रु. ...................... |
| कुल लागत | रु. ...................... |
| संरक्षण व्यवस्था | काँडेतार/ जाली तार/वनस्पति बार / पर्खाल |

## ४. उद्देश्य

- छानिएको पकेट क्षेत्रमा एउटै प्रजातिको जडीबुटी व्यवस्थित रुपमा विस्तार गर्नु।
- जडीबुटीको संरक्षण, उत्पादन र व्यवसायिक खेती प्रवर्द्धन गर्नु।
- स्थानीय स्तरमा रोजगारी, आयआर्जन र दिगो वन स्रोत व्यवस्थापनमा योगदान पुऱ्याउनु।
- बिरुवा संरक्षण, हेरचाह र उत्पादनपछिको बजार व्यवस्थापनलाई व्यवस्थित गर्नु।

## ५. स्थान, जग्गा र पहुँच सम्बन्धी विवरण

| विषय | विवरण |
|---|---|
| जग्गाधनी/समूहको नाम | |
| कित्ता नं. / वन क्षेत्रको नाम | |
| क्षेत्रफल | |
| सीमाना | पूर्व: .......... पश्चिम: .......... उत्तर: .......... दक्षिण: .......... |
| सिँचाइ/पानीको स्रोत | |
| पहुँच मार्ग/नजिकको बजार | |
| जग्गा प्रयोगको आधार | लालपुर्जा / लिज सम्झौता / समूह निर्णय / अन्य: .......... |

## ६. प्रस्तावित क्रियाकलाप तथा कार्यान्वयन प्रक्रिया

| क्र.सं. | क्रियाकलाप | परिमाण | कार्यान्वयन विधि | जिम्मेवार पक्ष |
|---|---|---|---|---|
| १ | स्थल छनोट, नापजाँच र तयारी | | | |
| २ | बिरुवा/बीउ खरिद वा उत्पादन | | | |
| ३ | खाडल खन्ने, मलखाद व्यवस्थापन र रोपण | | | |
| ४ | घेरबार/संरक्षण तथा मल्चिङ | | | |
| ५ | सिँचाइ, गोडमेल, रोग/किरा व्यवस्थापन | | | |
| ६ | प्राविधिक परामर्श, अनुगमन र अभिलेख राख्ने | | | |
| ७ | उत्पादन संकलन, प्रशोधन र बजार व्यवस्थापन | | | |

## ७. बिरुवा संरक्षण तथा दिगोपनका उपाय

- रोपणपछि नियमित गोडमेल, सिँचाइ र मलखाद व्यवस्थापन प्रस्ताव स्वयमबाट गरिनेछ।
- चरिचरन, डढेलो, चोरी/नोक्सानी तथा रोग/किरा नियन्त्रणका लागि घेरबार, निगरानी र समूह/परिवार जिम्मेवारी तोकिनेछ।
- प्राविधिक सल्लाहअनुसार उपयुक्त दूरी, मौसम, मलखाद र संरक्षण विधि अपनाइनेछ।
- कार्यक्रम सम्पन्न भएपछि पनि कम्तीमा .... वर्षसम्म संरक्षण, हेरचाह र उत्पादन व्यवस्थापन जारी राखिनेछ।

## ८. लागत अनुमान तथा वित्तीय योजना

नोट: यो नमूना ढाँचा हो। आवश्यक विवरण, प्रमाण र लागत अनुमान संलग्न गरी पेश गर्नुहोस्।

CamScanner

नोट: प्राविधिकबाट तयार गरिएको लागत अनुमान, बजार दर र स्वीकृत दररेटका आधारमा रकम भर्नुहोस्।

| क्र.सं. | खर्च शीर्षक | इकाइ | परिमाण | दर (रु.) | रकम (रु.) | अनुदान (रु.) | प्रस्तावक/साझेदार (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | स्थल तयारी/नापजाँच | | | | | | |
| २ | बिरुवा/बीउ खरिद वा उत्पादन | | | | | | |
| ३ | रोपण तथा मजदुरी | | | | | | |
| ४ | मलखाद/जैविक मल | | | | | | |
| ५ | सिंचाइ/पानी व्यवस्थापन | | | | | | |
| ६ | प्राविधिक सेवा/परामर्श | | | | | | |
| ७ | अनुगमन, अभिलेख र अन्य | | | | | | |
| | जम्मा | | | | | | |

## ९. कार्यतालिका

| क्र.सं. | क्रियाकलाप | महिना/अवधि | अपेक्षित नतिजा |
|---|---|---|---|
| १ | सम्झौता, अभिमुखीकरण र स्थल तयारी | | |
| २ | बिरुवा/बीउ व्यवस्थापन | | |
| ३ | रोपण/खेती विस्तार | | |
| ४ | संरक्षण, सिंचाइ र गोडमेल | | |
| ५ | अनुगमन, प्रतिवेदन र भुक्तानी प्रक्रिया | | |
| ६ | कार्यसम्पन्न प्रतिवेदन पेश | | |

## १०. अपेक्षित प्रतिफल

| सूचक | लक्ष्य/परिमाण |
|---|---|
| जडीबुटी खेती विस्तार क्षेत्रफल | .......... रोपनी / हेक्टर |
| रोपण/संरक्षण हुने बिरुवा संख्या | .......... वटा |
| लाभान्वित घरधुरी/सदस्य | .......... |
| सिर्जना हुने रोजगारी | .......... व्यक्ति-दिन |
| वार्षिक अपेक्षित उत्पादन/आम्दानी | .......... |
| बजार/खरिदकर्ता वा बिक्री योजना | |

## ११. साझेदार/लगानी विवरण

| साझेदारको नाम | भूमिका | लगानी/योगदान | कैफियत |
|---|---|---|---|
| | | | |
| | | | |

## १२. संलग्न गर्नुपर्ने कागजातहरुको चेकलिस्ट

| क्र.सं. | कागजात | संलग्न छ? | कैफियत |
|---|---|---|---|
| 1 | व्यवसायिक योजना सहितको प्रस्ताव। | छ / छैन | |
| 2 | जग्गा जमिनको लालपुर्जाको छायाँप्रति वा लिज सम्झौता। | छ / छैन | |
| 3 | तिरो तिरेको रसिद। | छ / छैन | |
| 4 | नागरिकता प्रमाणपत्रको प्रतिलिपि। | छ / छैन | |

नोट: यो नमूना ढाँचा हो। आवश्यक विवरण, प्रमाण र लागत अनुमान संलग्न गरी पेश गर्नुहोस्।

CamScanner

| | | | |
|---|---|---|---|
| 5 | प्यान प्रमाणपत्रको प्रतिलिपि। | छ / छैन | |
| 6 | फर्म/संस्था/सहकारी भए दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र। | छ / छैन | |
| 7 | सम्बन्धित स्थानीय तह वा वडा कार्यालयको सिफारिस पत्र। | छ / छैन | |
| 8 | सम्बन्धित सब-डिभिजन वन कार्यालयको सिफारिस पत्र। | छ / छैन | |
| 9 | सामुदायिक/कबुलियती वन उपभोक्ता समूह भए कर चुक्ता, प्यान, गत आ.व. को लेखापरीक्षण प्रतिवेदन, साधारण सभाको निर्णय र उपभोक्ता समितिको निर्णय। | छ / छैन | |
| 10 | प्राविधिकबाट तयार गरिएको लागत अनुमान। | छ / छैन | |
| 11 | आवश्यक अन्य कागजातहरु। | छ / छैन | |

## १३. स्वघोषणा तथा प्रतिबद्धता

यस प्रस्तावमा उल्लेख गरिएका विवरणहरु सत्य, तथ्य र यथार्थ छन्। झुटा विवरण पेश गरेको पाइएमा प्रचलित कानून बमोजिम हुने कारबाही स्वीकार गर्नेछु/गर्नेछौं। कार्यक्रम स्वीकृत भएमा सम्झौता अनुसार तोकिएको समयमा गुणस्तरीय रुपमा कार्य सम्पन्न गरी आवश्यक बिल, भरपाई, फोटो, प्रतिवेदन र अनुगमनका प्रमाणहरु तथा रोपिएका/खती गरिएका/जडिबुटीका संरक्षण विरुवाहरु संरक्षण गरि हुर्काउने पेश गर्ने प्रतिबद्धता गर्दछु/गर्दछौं।

| | |
|---|---|
| प्रस्तावक/अध्यक्षको नाम | |
| हस्ताक्षर | |
| छाप (फर्म/संस्था भए) | |
| मिति | २०८३/..../.... |
| सम्पर्क नं. | |

## १४. कार्यालय प्रयोजनका लागि

| दर्ता नं. | दर्ता मिति | रुजु गर्ने कर्मचारी | कैफियत |
|---|---|---|---|
| | | | |

नोट: यो नमूना ढाँचा हो। आवश्यक विवरण, प्रमाण र लागत अनुमान संलग्न गरी पेश गर्नुहोस्।

CamScanner